# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २२

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन २१ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले निम्नलिखित विशेष प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो :-

विशेष प्रस्ताव

"सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको आजै महाराजगञ्जस्थित मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा मृगौला प्रत्यारोपणको कार्य भैरहेकोमा प्रतिनिधि सभाको यो बैठक सम्माननीय प्रधानमन्त्रीको मृगौला प्रत्यारोपण कार्य सफलताका साथ सम्पन्न होस् भन्ने कामना गर्दछ। साथै उहाँको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछ।"

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा निजले सम्हाली आउनुभएको अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

मिति : २०७६/११/२०

(डा. हरि पौडेल)
सचिव

तत्पश्चात सम्माननीय सभामुखले मिति २०७६ साल फागुन १९ गते गणपूरक संख्याको अभावमा निर्णय हुन बाँकी "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री कृष्णभक्त पोखेल र मा० श्री पुष्पा भुसाल (गौतम)ले भाग लिनुभयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकास मन्त्री श्री वसन्त कुमार नेम्वाङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथिको छलफलमा मा० श्री दिव्यमणि राजभण्डारी, मा० श्री रेनुका गुरुङ्ग र मा० श्री मिना सुब्बाले भाग लिनुभयो ।

तदुपरान्त मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै सरकारको तर्फबाट प्रस्ताव भएको विधेयकको प्रस्तावनाको अन्तिम हरफमा रहेको "आवश्यक" भन्ने शव्द

हटाई शिक्षा तथा स्वास्थ्य समितिले विधेयकको प्रस्तावनामा गरेको बाँकी संशोधन यथावत स्वीकार्य भएको जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५" का सम्बन्धमा मा० मन्त्रीले शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३० सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३० सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४८ सम्म "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५" को प्रस्तावनाको अन्तिम हरफमा रहेको "आवश्यक" भन्ने शब्द हटाउने गरी मा० युवा तथा खेलकुद मन्त्रीले जवाफ दिने क्रममा स्वीकार गर्नुभएको संशोधन स्वीकृतिको लागि निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि **(Palermo Protocol)** माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि **(Palermo Protocol)** माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् सन्धिमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री प्रकाश रसाईली (स्नेही)
५. मा० श्री दिलेन्द्रप्रसाद बडू
६. मा० श्री देवेन्द्रराज कंडेल
७. मा० श्री नवराज सिलवाल
८. मा० श्री विन्दा पाण्डे
९. मा० श्री मेटमणि चौधरी
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री विमला वि.क.
१२. मा० श्री पुष्पा भुसाल (गौतम)

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि **(Palermo Protocol)** माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य धर्मप्रसाद घिमिरेको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन ने.क.पा. (माओवादी) को तर्फबाट झापा जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित सदस्य, कम्युनिष्ट एवं लोकतान्त्रिक आन्दोलनमा क्रियाशील जनपक्षीय नेता धर्मप्रसाद घिमिरेको ७४ वर्षको उमेरमा मिति २०७६ साल फागुन २० गते मंगलबार उपचारको क्रममा मित्रराष्ट्र भारतमा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय धर्मप्रसाद घिमिरेको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन २३ गते शुक्रबार बिहान ११:०० बस्नेगरी दिनको ३:१५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव